# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नगरपालिका नगरकार्यपालिकाको कार्यालय, जाजरकोटका निमित्त प्रमुख प्रशासकीय अधिकृत वर्ष ४५ का **दल बहादुर घर्ती समेत ९ जना** मु.नं (०८२-CR-००११) फैसला मिति **२०८२/१०/०७** | सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **भेरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दल बहादुर घर्तीको हकमाः** प्रतिबादी दल बहादुर घर्तीलाई बिगो रु.३६,२०,५७८।१० (अक्षरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैया दश पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुनका साथै निज प्रतिवादीबाट हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट असूल उपर हुन मागदावी लिई आरोपपत्र दायर गरेको देखिन्छ।<br>• **भेरी नगरपालिकाका इन्जिनियर मोहन मल्लको हकमाः** प्रतिबादी मोहन मल्ललाई बिगो रु.३६,२०,५७८।१० (अक्षरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैया दश पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को दफा ३ को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुनका साथै निज प्रतिवादीबाट हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट असूल उपर हुन मागदावी लिई आरोपपत्र दायर गरेको देखिन्छ।<br>• **भेरी नगरपालिकाका कानून अधिकृत प्रकाश कुमार शाहीको हकमाः** प्रतिबादी प्रकाश कुमार शाहीलाई बिगो रु.३६,२०,५७८।१० (अक्षरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैया दश पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• सबै बोलपत्रदातालाई समानरुपमा लागू गरि "Site Visit" को शर्त राख्नु शर्त बदनियतपुर्ण हो भन्न सकिने अवस्था देखिएन।<br>• प्राविधिक मूल्याङ्कन समितिले बोलपत्रका शर्तहरू (ITV ७.४) अनुरूप आवश्यक कागजात नपुगेका बोलपत्रलाई "Substantially Non-responsive" भनी अस्वीकृत गरेको कार्य कानुनी व्यवस्था अनुरूप नै देखिएको।<br>• मिति २०८०।८।१४ मा प्रकाशित बोलपत्र सूचना विद्युतीय खरिद प्रणाली (e-GP) मार्फत प्रकाशन गरिएको र विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०८० को बुँदा ४५ अनुसार अन्य माध्यमबाट सूचना प्रकाशन गर्नुपर्ने बाध्यता नरहेकोले सूचना प्रकाशन प्रक्रियामा त्रुटि देखिएन।<br>• Single Stage: Two Envelope प्रणालीमा प्राविधिक मूल्याङ्कन सम्पन्न नभएसम्म आर्थिक प्रस्ताव गोप्य रहने व्यवस्था छ। प्रतिवादीहरूले प्राविधिक मूल्याङ्कन अघि आर्थिक प्रस्तावबारे जानकारी पाएको भन्ने कुनै प्रमाण मिसिलबाट देखिएन।<br>• अस्वीकृत बोलपत्रदाताहरूले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ र ४९ बमोजिम उजुरी गर्ने वैधानिक उपचारको प्रयोग गरेको देखिएन।<br>• New BK/Nahakuli JV तथा उक्त जे.भी. ले सम्झौता अनुसारको निर्माण कार्य समयमै सम्पन्न गरी सेवा सञ्चालनमा | • प्रस्तुत मुद्दामा भएको भ्रष्टाचारजन्य कसूरको वारदातलाई हेर्दा आ.व.२०८०\०८१ मा जाजरकोट जिल्ला भेरी नगरपालिका, वडा नं ६, ९ र १० को वडा कार्यालय निर्माणको लागी रु.२,४४,३६,०५५।०१ (दुई करोड चौवालिस लाख छत्तिस हजार पचपन्न रुपैयाँ एक पैसा) लागत अनुमान स्वीकृत भई मिति २०८० मंसिर १४ मा NCB (National Competitive Bidding), Single Stage: Two-Envelope Bidding Procedure रहेको, IFB No. BM/NCB/Works-05-2080/2081 को ठेक्का सूचना प्रकाशन भएको देखिन्छ। सो सूचना अनुसार Shaikumari Engineering Consultancy Pvt. Ltd., Ranjit Ranjan Construction Pvt. Ltd., Siddhi Bahan-Y.K. JV र न्यू बि.के./नहकुली जे.भी. गरी ४ (चार) वटा बोलपत्रदाताहरूले बोलपत्र पेश गरेकोमा बोलपत्रको मूल्याङ्कन गर्ने क्रममा माग भए बमोजिमका सबै योग्यताका आधार पूरा गर्ने प्रस्तावदाता न्यू बि.के./नहकुली जे.भी. जाजरकोटलाई रेस्पोन्सिभ बिड र अन्य ३ वटा फर्मलाई नन् रेस्पोन्सिभ भनी कानूनी ग्राह्यताको परीक्षणको प्रतिवेदनबाट खुली आएकोले रु.२,३५,६४,९९६।०१(मू.अ.कर र PS समेत) कबोल गर्ने फर्म न्यू बि.के./नहकुली जे.भी सँग बोलपत्र मूल्याङ्कन समितिको निर्णय अनुसार मितिमा २०८१।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८०।११।२१ मा संझौता भएको देखिन्छ।<br>• उक्त वडा कार्यालयहरुको भवन निर्माणको ठेक्का प्रक्रियामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१ '**निर्माणस्थलको भ्रमण**' अन्तर्गत ३ वटा उपनियमहरू रहेका र यी ३ वटै उपनियमले बोलपत्रदाताले स्थलगत भ्रमण गर्ने कुरालाई अनिवार्य नमानी ऐच्छिक मानेको कानूनी र तथ्यगत जानकारी प्रतिवादीहरुलाई हुँदाहुँदै गैरकानूनी लाभ प्राप्तिकै कारण सार्वजनिक खरिदमा प्रतिस्पर्धा कायम गरी सरकारी तथा सार्वजनिक सम्पत्ति संरक्षण गर्ने प्रतिवादीका कानूनी कर्तव्यका सबै विषय निजहरुले बदनियत राखि अनदेखा गरेको देखिन्छ। यसरी नै बोलपत्र आह्वान गरिएको कागजातको ७.२ बुँदामा "The Bidder is advised to visit and examine the Site of Works and its surroundings … " भन्ने वाक्यांशले स्थलगत निरीक्षणलाई बोलपत्रदाताले पूरा गर्नुपर्ने अनिवार्य शर्त होइन भन्ने जान्दाजान्दै साइट भिजिट नगरेको भनी Ranjit Ranjan Construction Pvt. Ltd. लाई मूल्याङ्कनमा अनुत्तीर्ण गरेको, साइट भिजिट नगरेको कारणले हुने जोखिम सार्वजनिक निकायको हुने नभई बोलपत्रदाताको आफ्नो जोखिम हो भन्ने कुरामा प्रतिवादीहरुमा प्रष्ट हेक्का रहँदा रहँदै बदनियतपूर्ण तवरले मूल्याङ्कन गरेको प्रष्टै देखिन्छ। इ-बिडिङ्गमा बोलपत्र जमानतको रूपमा स्क्यान गरेको कपी पेस गर्ने र पछि कार्यालयले सक्कल माग गरेर हेर्न सक्ने प्रावधान रहेको तथा फरक परेमा सम्बन्धित बैंकसँग सोधेर स्क्यान गरिएको प्रति वा पेस भएको प्रति कुन सही हो भनी यकिन गर्नुपर्नेमा बैंक जमानतको स्क्यान भौचर तोकिएको १२० दिनभन्दा बढी अवधिको रहेको देखिएकोमा अनलाइनबाट हेर्दा १ दिन मात्र देखिएको भनी बदनियतपूर्वक Siddhi Bahan / Y.K. J.V. लाई मूल्याङ्कनमा जानी जानी बदनियतपूर्वक तवरले अनुत्तीर्ण गरेको, एक वर्षभन्दा पहिले नै खारेज भैसकेको प्रावधान राखी बोलपत्र आह्वान गर्नु कानून विपरीत हुन गएको देखिँदा क्रेडिट लाइन पेश नभएको भन्ने आधारमा Saikumari Engineering Consultancy Pvt. Ltd. को बोलपत्रलाई सारभूत रूपमा प्रभावग्राही नरहेको भनी मूल्याङ्कनमा अनुत्तीर्ण गरी बोलपत्रमा भाग लिने ४ वटा बोलपत्रदाताहरूमध्ये ३ वटा बोलपत्रदाताहरूलाई कुनै पनि तवरले बाहेक गरी जसरी तसरी लक्षित बोलपत्रदातालाई छनौट गर्ने बदनियतपूर्ण उद्देश्यले अनुत्तीर्ण गरेको स्पष्टै देखिएको छ। प्रतिवादीहरुले बदनियतपूर्वक प्रतिस्पर्धा सीमित गरी लक्षित बोलपत्रदाताले ठेक्का पाउने कुरा जानी जानी कानूनी ग्राह्यता, पूर्णता र प्राविधिक मूल्याङ्कनमा एकमात्र बोलपत्रदाता सफल हुने गरी प्रतिस्पर्धालाई सीमित बनाई नेपाल सरकार/सार्वजनिक संस्था/भेरी नगरपालिकाको सम्पत्ति हिनामिना हानिनोक्सानी तथा दुरूपयोग गर्ने र प्रतिवादी आफूहरुले गैरकानूनी लाभ लिने बदनियतले उक्त कार्य गरे गराएको, ठेक्का सम्झौता गरे गराएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुनका साथै निज प्रतिवादीबाट हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट असूल उपर हुन मागदावी लिई आरोपपत्र दायर गरेको देखिन्छ।<br>• **भेरी नगरपालिकाका सामाजिक विकास अधिकृत अनिस शाहको हकमाः** प्रतिबादी अनिश शाहलाई बिगो रु.३६,२०,५७८।१० (अक्षेरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैया दश पैसा)कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुनका साथै निज प्रतिवादीबाट हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट असूल उपर हुन मागदावी लिई आरोपपत्र दायर गरेको देखिन्छ।<br>• **भेरी नगरपालिकाका लेखापाल राजेन्द्र बहादुर कठायतको हकमाः** प्रतिबादी राजेन्द्र कुमार कठायतलाई बिगो रु.३६,२०,५७८।१० (अक्षेरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैया दश पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुनका साथै निज प्रतिवादीबाट हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट असूल उपर हुन मागदावी लिई आरोपपत्र दायर गरेको देखिन्छ।<br>• **भेरी नगरपालिकाका जिन्सी शाखा प्रमुख तथा नायव सुब्बा कृति वहादुर थापाको हकमाः** प्रतिबादी कृति बहादुर | आएको देखिदा कुनै गुणस्तरीय त्रुटि वा अपूर्णता रहेको देखिएन।<br>• घुस, अनुचित प्रभाव, दबाब वा बदनियतपूर्वक निर्णय गरिएको भन्ने तथ्य पुष्टि हुने कुनै ठोस प्रमाण पेश हुन सकेको देखिएन | New BK/Nahakuli JV र कानूनी ग्राह्यता, पूर्णता र प्राविधिक मूल्याङ्कनमा प्राविधिक मूल्यांकनमा साइट भिजिट नभएको भनी बदनियत राखि असफल बनाएको सबै भन्दा न्यून कबोल गर्ने बोलपत्रदाता Ranjit Ranjan Construction Pvt. Ltd. को कबोल अंकको अन्तर रु.३६,२०,५७८।१० (अक्षेरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैयाँ पैसा दश मात्र) नेपाल सरकार/सार्वजनिक संस्था/ भेरी नगरपालिकाको सम्पत्तिलाई गैरकानूनी तवरवाट हिनामिना हानिनोक्सानी एवं दुरुपयोग भएको तथ्य पुष्टि भएको देखिंदा देखिंदै सो तथ्य एवं प्रमाणहरुको अध्ययन, मुल्यांकन, विश्लेषण नगरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर भागी छ।<br>• प्रस्तुत आरोप पत्रमा प्रतिवादी कायम गरिएका भेरी नगरपालिकाका निमित्त प्रशासकीय प्रमुख दल बहादुर घर्ती मूल्याङ्कन समितिको संयोजक समेत रही खरिद सम्बन्धी कार्यमा संलग्न रहेको देखिन्छ। सो पालिकाका कानून अधिकृत प्रतिवादी प्रकाश कुमार शाही, सामाजिक विकास अधिकृत प्रतिवादी अनिस साह, लेखापाल प्रतिवादी राजेन्द्र बहादुर कठायतले मूल्याङ्कन समितिमा रही कार्य गरेको देखिन्छ। यसै गरि सोही पालिकाका इन्जिनियर मोहन मल्लले खरिद इकाइको संयोजक रही बोलपत्र सम्बन्धी कागजात तयार पार्नुको साथै Prequalifications completeness test गर्ने तथा मूल्याङ्कन समितिको सदस्य सचिवको रुपमा समेत कार्य गरेको देखिन्छ भने प्रतिवादी कृति बहादुर थापाले खरिद इकाई सदस्य भई Prequalifications completeness test समेत गर्ने कार्यमा संलग्न रहेको देखिन्छ। यसरी प्रस्तुत निर्माण खरिदको कार्यको बिभिन्न निर्णायक चरणमा रहेका यि प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरि बदनियतपूर्ण तरिकाले गैरकानूनी लाभ प्राप्त गर्ने उद्देश्यका साथ बोलपत्रदाता New BK/Nahakuli JV तथा उक्त जे.भी का साझेदार मध्येका New BK Builders and Suppliers का प्रोप्राइटर गंगा कुमारी खड्का र New BK/Nahakuli JV का साझेदार मध्येका Nahakuli Nirman Sewa का प्रोप्राइटर चित्र बहादुर बोहरासँग मिलेमतो गरि प्रतिस्पर्धालाई संकुचित गरी खरिद कार्यको ठेक्का New BK/Nahakuli JV लाई उपलब्ध गरि गराई आफूहरूलाई लाभ र सार्वजनिक संस्था नगरपालिकालाई हानी नोक्सानी पुर्याएको तथ्य स्थापित भएको देखिंदा देखिंदै उक्त प्रमाणहरुलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• उक्त ठेक्का प्रक्रियामा यि प्रतिवादीहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१, '**निर्माणस्थलको भ्रमण**' अन्तर्गत ३ वटा उपनियमहरू रहेका र यी ३ वटै उपनियमले बोलपत्रदाताले स्थलगत भ्रमण गर्ने कुरालाई अनिवार्य नमानी ऐच्छिक मानेको, बोलपत्र आह्वान गरिएको कागजातको ७.२ बुँदामा "The Bidder is advised to visit and examine the Site of Works and its surroundings … " भन्ने वाक्यांशले स्थलगत निरीक्षणलाई बोलपत्रदाताले पूरा गर्नुपर्ने अनिवार्य शर्त मान्न मिल्ने नदेखिएकोमा यसलाई नै बोलपत्र मूल्याङ्कनको सर्तको रूपमा उल्लेख गरी यसैको आधारमा फर्म (**रञ्जित रञ्जन कन्सट्रक्सन प्रा.लि.**) लाई नन् रेस्पोन्सिभ गरिनु स्वयंमा बदनियतपुर्ण कार्य देखिन्छ। यसै गरि निर्माण व्यवसायीले कुनै बैंकले प्रदान गरेको क्रेडिट लाइनको सुविधा आवश्यक पर्ने प्रावधान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०क. थप गरी चौथो संशोधनमा (२०७३/०९/०४) मा राखिएको थियो भने नियमावलीमा भएको १२ औं संशोधन (२०७९/०३/२०) बाट ११०क. प्रावधान खारेज गरिएको थियो। प्रस्तुत निर्माण खरिदको बोलपत्र आह्वान मिति २०८०/०८/१४ मा गरिएको तथ्यमा उल्लेख भएको हुँदा एक वर्षभन्दा पहिले नै खारेज भैसकेको प्रावधान राखी बोलपत्र आह्वान गर्नु कानून विपरीत हुन गएको देखिँदा क्रेडिट लाइन पेश नभएको भन्ने आधारमा बोलपत्रलाई सारभूत रूपमा प्रभावग्राही नरहेको भन्ने प्रतिवादीहरु मुल्यांकनको आधार समेत बदनियतपूर्ण रहेको देखिन्छ। बोलपत्र दाता सिद्धिवाहन वाइ के जेभीले बोलपत्रसाथ पेस गरेको बैंक जमानतको स्क्यान भौचर तोकिएको १२० दिनभन्दा बढी अवधिको रहेको देखिएकोमा अनलाइनबाट हेर्दा १ दिन मात्र देखिएकोमा बैंकसँग सोधेर स्क्यान गरिएको प्रति वा पेस भएको प्रति कुन सही हो भनी यकिन गरेको देखिंदैन। न्यू बि.के./नहकुली जे.भी. जाजरकोटले पेश गरेका कागजातहरूमध्ये प्राविधिक जनशक्तिको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | थापालाई बिगो रु.३६,२०,५७८।१० (अक्षरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैया दश पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुनका साथै निज प्रतिवादीबाट हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट असूल उपर हुन मागदावी लिई आरोपपत्र दायर गरेको देखिन्छ।<br>• **New BK/Nahakuli JV तथा उक्त जे.भी.का साझेदारहरु New BK Builders and Suppliers का प्रोप्राइटर गंगा कुमारी खड्का र Nahakuli Nirman Sewa का प्रोप्राइटर चित्र बहादुर बोहराको हकमाः** प्रतिवादीहरु New BK/Nahakuli JV तथा उक्त जे.भी.का साझेदारहरु New BK Builders and Suppliers का प्रोप्राइटर गंगा कुमारी खड्का र Nahakuli Nirman Sewa का प्रोप्राइटर चित्र बहादुर बोहरासमेतको उक्त कार्य मुख्य कसूरदारहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको गरेको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई रु.३६,२०,५७८।१० (अक्षरेपि छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैयाँ दश पैसा मात्र) बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट हिनामिना, हानिनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु New BK/Nahakuli JV तथा उक्त जे.भी.का साझेदारहरु New BK Builders and Suppliers का | | व्यक्तिगत विवरणमा माग बमोजिम अनुभव उल्लेख भएको तर अनुभव पुष्टि गर्ने कागजात पेश गरेको नदेखिएकोले २ दिनभित्र अनुभव पुष्टि गर्ने कागजात पेश गर्न सम्बन्धित प्रस्तावदातालाई पत्र लेख्ने भन्ने मिति २०८०/१०/०८ को निर्णय तथा पत्र अनुसार अनुभव पुष्टि गर्ने कागजात पेश गरेको हुँदा मूल्याङ्कन प्रक्रियामा समावेश गरी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने भन्ने बोलपत्र मूल्याङ्कन समितिको संयोजक दल बहादुर घर्ती समेतको टोलीको मिति २०८०/१०/०८ को बैठकको निर्णय भएको देखिएबाट समेत बैङ्क ग्यारेण्टीका सम्बन्धमा थप सोधनी नगरि निर्णय गर्ने कार्य समेत बदनियतपुर्ण रहेको तथ्य स्थापित हुँदा हुँदै सो तथ्यलाई वेवास्ता गरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिन्छ।<br>• उक्त निर्माण खरिद कार्यको बोलपत्र मुल्यांकन समितिका संयोजक भेरी नगरपालिकाका निमित्त प्रशासकीय प्रमुख दल बहादुर घर्ती, सदस्यहरु सोही पालिकाका कानून अधिकृत प्रतिवादी अधिकृत प्रकाश कुमार शाही, सामाजिक विकास अधिकृत प्रतिवादी अनिस शाह, लेखापाल प्रतिवादी राजेन्द्र बहादुर कठायत एवं सोही पालिकाका इन्जिनियर मोहन मल्लले बोलपत्र मूल्याङ्कनका क्रममा Shaikumari Engineering Consultancy Pvt. Ltd. लाई Not having Credit line as Specified in BDS २.३.४ and FIN ३ and FIN ४ भनी नन् रेस्पोन्सिभ गरिएको, Ranjit Ranjan Construction Pvt. Ltd. लाई Not having site visit Certificate As Specified in ITB ७.४ भनी नन् रेस्पोन्सिभ गरिएको तथा सिद्धि वाहन वाई के जे.भी. ले बिड बण्ड वापत पेश गरेको राष्ट्रिय वाणिज्य बैङ्क, शाखा कार्यालय जाजरकोटबाट जारी भएको बैङ्क जमानत पत्र नं. G२३४५९०००००६८ को म्याद समाप्त हुने मिति २०८१।१।३० उल्लेख भएकोमा अनलाइन पोर्टलमा १ दिनमात्र म्याद रहेको भनी मूल्याङ्कनमा नन् रेस्पोन्सिभ गरिएको निर्णय प्रचलित खरिद कानून अनुरूप नभएको भनि सार्वजनिक खरिद विज्ञ ध्रुव नेपालले अनुसन्धानको क्रममा राय प्रतिवेदन पेश गरेको देखिन्छ भने निज सार्वजनिक खरिद विज्ञ ध्रुव नेपालले अदालतमा उपस्थित भई उक्त राय प्रतिवेदनलाई समर्थन हुने गरि बकपत्र समेत गरेकाले प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम उक्त बकपत्रलाई प्रमाणमा ग्रहण गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• भेरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दल बहादुर घर्तीले अनुसन्धानको क्रममा बयान गर्दा मूल्याङ्कन समितिको संयोजकको रूपमा आफू कार्यरत रहेको, बोलपत्र कागजात खरिद इकाई समितिका संयोजक इ. मोहन मल्लबाट तयार भई स्वीकृत भएको, तथा मूल्याङ्कनका क्रममा Bid Response मा पेश भएका कागजातहरूको आधारमा मात्र परीक्षण गरिएको, ITB ७.४ बमोजिम Site Visit Certificate पेश नगर्ने Ranjit Ranjan Construction Pvt. Ltd. लाई, Financial Resources सम्बन्धी बैंक प्रमाणपत्र पेश नगर्ने Saikumari Engineering Consultancy Pvt. Ltd. लाई, तथा Siddhi Bahan–Y.K. JV को Bid Bond को बैंक ग्यारेन्टी Online Verification गर्दा म्याद समाप्त देखिएकोले अयोग्य ठहर गरिएको, सम्पूर्ण प्रक्रिया Online प्रणालीमार्फत भएको हुँदा थप स्पष्टीकरण माग गर्न आवश्यक नदेखिएको भन्ने समेत बेहोरा उल्लेख गरेतापनि निज प्रतिवादीको भनाइले मूल्याङ्कनलाई केवल कागजातमा सीमित गरेको देखिन्छ। तर, बैंक ग्यारेन्टी सम्बन्धी तथ्यमा Online Portal को विवरणलाई अन्तिम आधार मानी सम्बन्धित बैंकसँग कुनै पुष्टि नगर्नु, जबकि यस्तो पुष्टि गर्न सकिने र अपेक्षित प्रक्रियाको सम्बन्धमा संयोजकको हकमा कर्तव्यविपरीत देखिन्छ। यसले निर्णयमा आवश्यक सावधानी (due diligence) को अभाव तथा प्रतिस्पर्धा सीमित गर्ने प्रभाव परेको देखिन्छ। सोही नगरपालिकाका अधिकृत छैठौं अनिश शाहले बयान गर्दा, मूल्याङ्कन समितिको सदस्यको रूपमा आफू संलग्न रहेको, Bid Document को ITB ७.४ अनुसार Site Visit Certificate पेश नगर्ने फर्मलाई समावेश नगरेको, Financial Resources मा Cash Flow राख्नुको कारण विनियोजित बजेट कम र लागत अनुमान बढी भएकोले निर्माण कार्य अधुरो नहोस् भन्ने उद्देश्य रहेको, Financial Resources सम्बन्धी बैंक प्रमाणपत्र पेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रोप्राइटर गंगा कुमारी खड्का र Nahakuli Nirman Sewa का प्रोप्राइटर चित्र बहादुर बोहरालाई मुख्य कसूरदारहरु सरह सजाय हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रप्रतिवादीहरुलाई आरोपदावीबाट सफाई हुने ठहर गरि भएको फैसला भएको देखिन्छ। | | नगर्ने Saikumari Engineering Consultancy Pvt. Ltd. तथा Online मा Bid Bond को म्याद समाप्त देखिने Siddhi Bahan–Y.K. JV लाई हटाइएको, सम्पूर्ण प्रक्रिया Online प्रणालीमा आधारित भएकोले थप स्पष्टीकरण आवश्यक नठानेको हो भन्ने समेत बेहोरा उल्लेख गरेता पनि निजले गरेको कार्यमा Financial Resources सम्बन्धी मापदण्ड वस्तुनिष्ठभन्दा बढी पूर्वानुमानमा आधारित देखिन्छ, जसले प्रतिस्पर्धामा अनावश्यक प्रतिबन्ध सिर्जना गर्न सक्ने, साथै, बैंक ग्यारेन्टीको सन्दर्भमा Online मा देखिएको विवरणलाई मात्र आधार मानी थप पुष्टि नगर्नु प्रक्रियागत निष्पक्षता विपरीत कार्य गरेको देखिन्छ। सोही गाउँपालिकाका इन्जिनियर मोहन मल्लले बयान गर्दा सदस्य सचिव तथा कागजात तयारकर्ताको हैसियतले बोलपत्र कागजात Standard Bid Document को आधारमा आफूले तयार गरेको र ITB ७.४ मा Site Visit Certificate अनिवार्य राखिएको,३ वटा फर्मले Site Visit गरेको र Ranjit Ranjan Construction Pvt. Ltd. ले नगरेको हुँदा अयोग्य ठहर गरिएको,विनियोजित बजेट कम भएकोले Financial Resources मा Cash Flow (करिब ४०–६०% बराबर रु. १ करोड ५० लाख) निर्धारण गरिएको र सो अनुसार बैंक प्रमाणपत्र पेश नगर्ने Saikumari Engineering Consultancy Pvt. Ltd. लाई हटाइएको र RBB Portal मा Verification गर्दा Siddhi Bahan–Y.K. JV को बैंक ग्यारेन्टी जारी मिति र समाप्त मिति एउटै दिन देखिएकोले अयोग्य ठहर गरिएको र थप स्पष्टीकरण माग नगरेको भन्ने समेत बेहोरा उल्लेख गरेता पनि बोलपत्र कागजात तयार गर्ने र मूल्याङ्कन गर्ने दुवै भूमिकामा रहेको तथ्यले निष्पक्षतामा प्रश्न उठाउँछ। साथै, बैंक ग्यारेन्टीमा देखिएको "जारी मिति र समाप्त मिति एउटै" जस्तो अस्वाभाविक अवस्थालाई त्रुटि हुन सक्ने सम्भावना हुँदाहुँदै पुष्टि नगर्नु निजको गम्भीर लापरवाही देखिन्छ। यसले निज समेतको संलग्नताले निर्णय पूर्वाग्रही वा कम्तीमा अपर्याप्त जाँचमा आधारित रहेको संकेत गरेको देखिन्छ।सोही पालिकाका कानून अधिकृत प्रकाश कुमार शाहीले बयान गर्दा, मुल्याङ्कन समितिको सदस्यको रुपमा Site Visit Certificate पेश नगर्ने, Financial Resources सम्बन्धी बैंक कागजात पेश नगर्ने तथा Bid Bond Online मा expire देखिने फर्महरूलाई हटाइएको,Financial Resources मापदण्ड किन राखियो भन्नेमा आफ्नो भूमिका नभएको, साथै, Saikumari Engineering Consultancy Pvt. Ltd. सँग थप कागजात माग गर्दा "समस्या हुन सक्ने" महसुसका कारण स्पष्टीकरण नलिइएको उल्लेख गरेता पनि निज कानून अधिकृत भएर पनि प्रक्रियागत न्याय सुनिश्चित गर्ने भूमिका निर्वाह नगरेको र "समस्या हुन सक्छ" भन्ने आधारमा स्पष्टीकरण नलिनु कानुनी दृष्टिले मनासिब छैन, बरु अस्पष्टता हटाउन स्पष्टीकरण लिनु नै निजको कार्यको उचित प्रक्रिया रहेको अवस्था देखिएको थियो।भेरी नगरपालिकाका लेखापाल राजेन्द्र बहादुर कठायतले बयान गर्दा ITB ७.४ अनुसार Site Visit Certificate नभएका, Financial Resources सम्बन्धी बैंक प्रमाणपत्र पेश नगर्ने तथा Bid Bond (No. G२३४५९००००६८) Online मा म्याद समाप्त देखिने Siddhi Bahan/Y.K. JV लाई हटाइएको, सम्पूर्ण प्रक्रिया विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० अनुसार भएको र Bid Response मा पेश भएका कागजातकै आधारमा मूल्याङ्कन गरिएको उल्लेख गरेता पनि निज प्रतिवादीको भनाइ पूर्णतः अन्य सदस्यहरूसँग मिल्दोजुल्दो र स्वतन्त्र विश्लेषणविहीन देखिन्छ। बैंक ग्यारेन्टी जस्तो संवेदनशील विषयमा थप पुष्टि नगर्नु निजको कमजोरी रहेको देखिएको छ। सोही पालिकाका नायव सुब्बा, खरिद इकाई सदस्य सचिव कृति बहादुर थापाले बयान गर्दा मूल्याङ्कन समितिमा भूमिका नभएको तर खरिद इकाई समितिको सदस्य सचिवको रूपमा बोलपत्र कागजात तयार प्रक्रियामा संलग्न रहेको, ITB ७.४ अनुसार Site Visit Certificate, Financial Resources तथा Bid Bond को आधारमा मूल्याङ्कन गरिएको, र Online प्रणालीकै आधारमा निर्णय गरिएको भनेता पनि निजले प्रत्यक्ष मूल्याङ्कनमा भूमिका नभएको दाबी गरे पनि कागजात तयारीमा संलग्नता स्वीकार गरेका छन्, जसले मापदण्ड निर्धारणमा उनको प्रभाव देखिएको छ। तर जिम्मेवारी अस्वीकार गर्नु तर्कसंगत देखिँदैन।प्रतिवादी New BK Builders and Suppliers का प्रोपाइटर गंगा कुमारी खड्काले बयान गर्दा, मूल्याङ्कन प्रक्रियाबारे जानकारी नभएको, आफ्नो जेभी कसरी सफल भयो थाहा नभएको, सम्झौता अनुसार काम सम्पन्न भएको तर पूर्ण भुक्तानी नभएको तथा कुनै आर्थिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लेनदेन नभएको उल्लेख गरेता पनि ठेक्का प्राप्त गर्ने पक्ष भएर पनि मूल्याङ्कन प्रक्रियाबारे पूर्ण अनभिज्ञता देखाउनु अस्वाभाविक छ, जसले बयानको विश्वसनीयतामा शंका उत्पन्न गरेको अवस्था देखिएको छ। प्रतिवादी Nahakuli Nirman Sewa का प्रोपाइटर चित्र बहादुर बोहराले बयान गर्दा जेभीमार्फत बोलपत्र पेश गरिएको भए पनि ठेक्का स्वीकृति, सम्झौता तथा भुक्तानी प्रक्रियामा आफ्नो प्रत्यक्ष संलग्नता नरहेको र जानकारी नभएको बताएका छन् तर निजले जेभी साझेदार भएर पनि ठेक्का प्रक्रियाबारे जानकारी नभएको दाबी व्यावसायिक रूपमा अविश्वसनीय देखिन्छ र वास्तविक संलग्नता लुकाउने प्रयासको संकेत दिएको तथ्य उल्लेख गरेको देखिंदा उल्लेखित प्रतिवादीहरुले पालिकाका कमर्चारीहरु र निर्माण कम्पनीका प्रोपाइटरहरु संलग्न मिलेमतो गरी बोलपत्रदाताहरुबाट पेश भएका कागजातका आधारमा Bid Response मा जे जति कागजातहरु पेश भएका थिए उक्त कागजातहरुलाई मात्रै आधार मानिएर मूल्याङ्कन गरिएको, साइट भिजिट नगर्ने Ranjit Ranjan Construction Pvt. Ltd. लाई मूल्याङ्कन प्रक्रियामा समावेश नगरेको, सम्बन्धित बैंकको Financial Resources को कागज पेश नगरेकोले Saikumari Engineering Consultancy Pvt. Ltd. लाई मूल्याङ्कन प्रक्रियाबाट हटाईएको र मूल्याङ्कनका सबै कार्यहरु Online मार्फत नै भए गरेका र Online Check गर्ने समयमा Online मा बैंक ग्यारेन्टी म्याद समाप्त भएकोले स्पष्टीकरण माग गर्न आवश्यक थिएन भनी बताएता पनि मूल्याङ्कनको क्रममा योग्यताका सबै आधार पूरा गर्ने प्रस्तावदाता न्यू बि.के./नहकुली जे.भी. जाजरकोटले पेश गरेका कागजातहरूमध्ये प्राविधिक जनशक्तिको व्यक्तिगत विवरणमा माग बमोजिम अनुभव उल्लेख भएको तर अनुभव पुष्टि गर्ने कागजात पेश गरेको नदेखिएकोले २ दिनभित्र अनुभव पुष्टि गर्ने कागजात पेश गर्न सम्बन्धित प्रस्तावदातालाई पत्र लेख्ने भन्ने मिति २०८०/१०/०८ को निर्णय तथा पत्र अनुसार अनुभव पुष्टि गर्ने कागजात पेश गरेको हुँदा मूल्याङ्कन प्रक्रियामा समावेश गरी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने भन्ने बोलपत्र मूल्याङ्कन समितिको संयोजक दल बहादुर घर्ती समेतको टोलीको मिति २०८०/१०/११ को बैठकको निर्णय भएको देखिएबाट बदनियतपूर्वक प्रतिस्पर्धालाई संकुचित गरी कुनै निश्चित फर्मलाई लाभ पुऱ्याउने गरी कुनै फर्मसँग थप प्रष्टीकरण लिने र कुनै फर्मसँग प्रष्टीकरण नलिने कार्य समेत मूल्याङ्कन समितिका राष्ट्रसेवकले जानी जानी नियोजित तवरले गरे भएको देखिन आएको तथ्य स्पष्ट देखिंदा देखिंदै उक्त प्रतिवादीहरुको बयान जिकिर समेतलाई बेवास्ता गरि प्रतिवादीहरुलाई सफाई दिने गरि भएको फैसला त्रुटीपूर्ण देखिंदा बदर भागि छ।<br>• अतः माथि विवेचित आधार कारण एवं कानूनी व्यवस्था समेतको आधारमा यि प्रतिवादीहरु दल बहादुर घर्ति, मोहन मल्ल, प्रकाश कुमार शाही, अनिश शाह, राजेन्द्र बहादुर कठायत, कृति बहादुर थापा, गंगा कुमारी खड्का,चित्र बहादुर बोहरा र MS new BK/Nahakuli JV लाई आरोप दावीबमोजिम सजाय गर्नु पर्नेमा उपरोक्त तथ्य प्रमाणको विश्लेषण नगरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि विशेष अदालतवाट भएको त्रुटीपुर्ण फैसला बदर गरि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |